# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले फागुन १९ गते आर्थिक वर्ष २०६७/०६८ को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा प्रस्तुत गर्नुभयो । बैंकको सभाकक्षमा आयोजित विशेष समारोहमा आर्थिक वर्ष २०६७/०६८ को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा प्रस्तुत गर्दै गभर्नर डा. खतिवडाले विगतमा लगातार ऋणात्मक रहेको मुलुकको शोधनान्तर स्थिति चालु आर्थिक वर्षमा करिब ९ अर्बले बचत हुने सम्भावना व्यक्त गर्नुभयो । त्यसैगरी हाल ११.५ प्रतिशत रहेको विप्रेषणको वृद्धिदर यो वर्षभरिमा १५ देखि २० प्रतिशत पुग्ने पनि उहाँले उल्लेख गर्नुभयो । देशमा आर्थिक गतिविधिमा आएको शिथिलतालाई ध्यानमा राखेर खासगरी घरजग्गा कारोबार र शेयरबजार कारोबारमा देखा परेको सुस्ततालाई केही हदसम्म सम्बोधन गरिने पनि गभर्नर डा.खतिवडाले उल्लेख गर्नुभयो । यसका लागि ती क्षेत्रमा जाने कर्जालाई सरलीकृत गरिनेछ उहाँले बताउनुभयो ।

गभर्नर डा. युवराज खतिवडाले मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा प्रस्तुती पश्चात् आयोजित प्रश्नोत्तर कार्यक्रममा विभिन्न सञ्चार माध्यम तथा सहभागी बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको जिज्ञासाको जवाफ दिनुभएको थियो ।




यसअघि कार्यक्रममा उपस्थित नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्यहरूलगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरू, विभिन्न क्षेत्रका संघ संगठनका प्रतिनिधि एवम् सञ्चार माध्यमका प्रतिनिधिहरूको स्वागत गर्दै डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले नेपाल राष्ट्र बैंक आफ्ना नीति, नियम र निर्देशनलाई अरु बढी परिष्कृत र प्रभावकारी तुल्याउन सदैव क्रियाशील रहेको उल्लेख गर्नुभएको थियो । कार्यक्रमको अन्तमा डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारीले उपस्थित सबै अतिथि तथा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै नेपाल राष्ट्र बैंकले विभिन्न समयमा तर्जुमा र लागू गर्ने नीति नियममा सम्बद्ध सबै पक्षको सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा बैंकका कार्यकारी निर्देशक, निर्देशक तथा अन्य कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो ।

*(मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षाको पूर्ण पाठ बैंकको वेभसाइट www.nrb.org.np मा राखिएको छ ।)*